विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/२५ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | आगामी आ.व.२०८०/०८१ को बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा। | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बमोजिमको आगामी आ.व.२०८०/०८१ को वार्षिक बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, बजेटको कुल सीमा, आय-व्ययको अनुमानित विवरण र विषय क्षेत्रगत एवम् वडागत बजेट सीमा अनुसूची-१ मा संलग्न अनुसार सर्वसम्मतिले स्वीकृत गरियो। वडाको बजेट सीमा निर्धारणका लागि रु.१ करोड ५० लाख सबै वडालाई समान रुपमा न्यूनतम सीमा कायम गर्ने र रु.२ करोड ८५ लाखलाई राष्ट्रिय योजना आयोगबाट निर्धारित ढाँचा बमोजिम जनसंख्या ३०%, क्षेत्रफल २०%, पूर्वाधार विकासको अवस्था २०%, राजस्व परिचालनको अवस्था २०% र लागत सहभागिताको अवस्था १०% भार कायम गरी बाडफाँट गर्ने र पूर्वाधार विकासको अवस्था वडाहरूलाई देहाय बमोजिम वर्गीकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>__सबैभन्दा पिछडिएको वडाको आधारमा क्रमशः__<br>वर्ग A – वडा नं. वडा नं. १४, १६, १८, १९ (प्रति वडा अङ्क ६.५०)<br>वर्ग B – वडा नं. ४,५,६,११,१२,१३,१५,१७ (प्रति वडा अङ्क ५.५०)<br>वर्ग C – वडा नं. १, २, ३, ८ (प्रति वडा अङ्क ४.५०)<br>वर्ग D – वडा नं. ७, ९, १० (प्रति वडा अङ्क ४.०) |
| ३ | विविध। | (क) विराटनगर महानगरपालिका वडा नं.६ र १२ मा खानेपानी फिल्टर ट्रिटमेन्ट प्लान्ट निर्माणका लागि वडा नं.६ स्थित साविक विराटनगर ७ को ग्रिड सिट नं.१७८-०७४२-०५, कि.नं.२४० को जग्गामध्ये दक्षिणतर्फबाट ०-०-१५-० (बिघा) र वडा नं.१२ स्थित साविक बखरी ६(ख) को कि.नं.१५८ जग्गामध्ये पश्चिमतर्फबाट ०-०-१५-० (बिघा) जग्गामा प्लान्ट निर्माण गर्न नेपाल खानेपानी संस्थानलाई सहमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) चालु आ.व.२०७९/०८० मा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानतर्फ प्रदेश सरकारबाट प्राप्त योजनाहरूको कार्यान्वयनको सन्दर्भमा यस महानगरपालिकाको शहरी पूर्वाधार निर्माण कार्यविधि एवम् योजना अनुगमन तथा सुपरीवेक्षण मापदण्ड, २०७९ अनुसार रु.२० लाखभन्दा बढी लागतका योजनाहरू ठेक्का प्रक्रियामार्फत सञ्चालन गर्नु/गराउनुपर्नेमा आर्थिक वर्षको अन्त्यतिर बजेट विनियोजन भएकोले ठेक्का प्रक्रियामार्फत योजना कार्यान्वयन गर्दा/गराउँदा प्रक्रियागत समय धेरै लाग्ने भई कार्य सम्पन्न गर्न पर्याप्त समय नहुने भएको हुँदा उल्लिखित बमोजिमका योजनाहरूको निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

अर्जुन थपलिया
अधिकृतस्तर आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | विराटनगर महानगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>विराटनगर, मोरङ<br>कोशी प्रदेश, नेपाल | (ग) चालु आ.व.२०७९/०८० को प्रदेश सरकार समपूरक अनुदान कार्यक्रम अन्तर्गत विराटनगर महानगरपालिका वडा नं.३ स्थित शिवालय मार्गमा नाला तथा पिच निर्माणका लागि इ-बिडिङमार्फत बोलपत्र आह्वान भई रु.४५,०८,८३०।० (मू.अ.कर बाहेक) मा नि.व्य. एस.एस. निर्माण सेवासँग नियमानुसार ठेक्का सम्झौता भएर निर्माण कार्य भइरहेकोमा स्वीकृत लागत अनुमानमा सडकको लम्बाइ ३२० मि. रहेको तर कार्य गर्दै जाँदा ७१२ मि. सडकमा काम गर्नुपर्ने अवस्था आएकोले बेस, Prime Coat, Asphalt Concreting लगायतको परिमाण बढ्न गएको हुँदा प्राविधिकबाट प्राप्त रु.६०,९१,४१९।०५ (मू.अ.कर बाहेक) संशोधित लागत अनुमान अनुसार ३५.१०% बढीको भेरिएसन आदेशलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br><br>(घ) चालु आ.व.२०७९/०८० को नगरस्तरीय योजना अन्तर्गत विराटनगर महानगरपालिका वडा नं.१ स्थित रङ्गशाला मार्गमा रिटेनिङ वाल तथा पिच निर्माणका लागि इ-बिडिङमार्फत बोलपत्र आह्वान भई रु.३१,६८,५३१।० (मू.अ.कर बाहेक) मा नि.व्य. ओमशक्ति निर्माण सेवासँग नियमानुसार ठेक्का सम्झौता भएर निर्माण कार्य भइरहेकोमा स्वीकृत लागत अनुमानमा सडक पिचको कार्य ४०८ मि. र रिटेनिङ वालको कार्य १०० मि.मा गर्ने रहेकोमा स्थानीय उपभोक्ता समुदायको माग अनुसार जीर्ण देखिएको रिटेनिङ वाल मर्मत तथा पुनर्निर्माण गर्नुपर्ने र पिच कार्यको लम्बाइ घटाई ३८४ मि. तथा रिटेनिङ वालको लम्बाइ बढाई २९९.४० मि. कायम गरी काम गर्नुपर्ने अवस्था आएकोले प्राविधिकबाट प्राप्त रु.३८,४३,५४०।९५ (मू.अ.कर बाहेक) संशोधित लागत अनुमान बमोजिम २१.२७% बढीको भेरिएसन आदेशलाई सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ङ) विराट गोल्डकपका लागि शहिद रङ्गशालामा आवश्यक पूर्वाधार तत्काल तयार गर्नुपर्ने भई उक्त रङ्गशालामा गरिएको रु.९,९९,११७।१४ बराबरको लागत अनुमानको मर्मत कार्य र रु.९,८९,४३०।०४ बराबरको रङरोगन कार्यको प्राविधिक मूल्याङ्कनका आधारमा आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.६०, सि.नं.१७१ शहिद मैदान मर्मत सम्भार शीर्षकमा विनियोजित रकम रु.२५,००,०००।- मध्येबाट नियमानुसार भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम "विराटनगर महानगरपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०८०" सर्वसम्मतिले स्वीकृत गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |
| | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल | (छ) नगर कार्यपालिकाको मिति २०७९/१०/२९ मा बसेको बैठककबाट विराटनगर महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि, २०७७ मा स्थायी ठेगाना विराटनगर महानगरपालिका भएका नागरिकका नाममा मात्र इ-रिक्सा दर्ता गर्ने व्यवस्था रहेकोमा संवत् २०८० बैशाख मसान्तसम्ममा अन्यत्र ठेगाना भएका व्यक्तिहरूका नाममा समेत दर्ता गर्ने र बढीमा चार हजार वटा इ-रिक्सा दर्ता गर्ने निर्णय भएकोमा उक्त अवधि सम्ममा जम्मा १४८५ इ-रिक्सा मात्र दर्ता भएको हुदाँ यातायात व्यवस्थापन समितिको सिफारिस बमोजिम अन्यत्र ठेगाना भएका व्यक्तिहरूका नाममा इ-रिक्सा दर्ता गर्ने अवधि संवत् २०८० असार मसान्तसम्म थप गर्ने र उक्त बमोजिम दर्ता हुने, साविकमा दर्ता रहेका एवम् विराटनगर महानगरपालिका स्थायी ठेगाना भएका व्यक्ति/संस्थाहरूका नाममा नियमानुसार दर्ता हुने समेत गरी बढीमा चार हजार इ-रिक्सा महानगरपालिकामा दर्ता गर्ने सर्वसम्मतिले निर्णय गरियो। विराटनगर महानगरपालिका स्थायी ठेगाना भएका व्यक्ति/संस्थाहरूका हकमा कुनै समयावधि लागू नहुने समेत निर्णय गरियो।<br><br>(ज) विराटनगर महानगरपालिकामा दर्ता भएका इ-रिक्साको नामसारी गर्ने, सम्बन्धित स्थानीय तहको सहमतिका आधारमा स्थानान्तरण दिने एवम् अन्य स्थानीय तहमा दर्ता रहेकाले यस महानगरपालिकामा दर्ता हुन आउन चाहेमा सहमति दिने सम्बन्धमा यातायात व्यवस्थापन समितिको सिफारिसका आधारमा प्रस्तावित बमोजिमको "विराटनगर महानगरपालिका यातायात व्यवस्थापन कार्यविधि, २०७७" लाई संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(झ) विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७९ मा 'घ' वर्गको निर्माण सेवाको नाम परिवर्तन दस्तुर समावेश नभएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.३,०००।- (तीन हजार) दस्तुर कायम गर्ने र उक्त बमोजिम लिइएको दस्तुरलाई अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ञ) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले भवन तथा जग्गा अभावका कारण विराटनगरमा बहालमा भवन लिई आयुर्वेद सम्बन्धी विस्तारित सेवा लगायत अन्तरङ्ग तथा शल्य सेवा सञ्चालन गर्दै आइरहेकोले सेवा सञ्चालनका लागि उक्त स्वास्थ्य केन्द्रलाई जग्गा र भवन अत्यावश्यक रहेको भनी सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयसहित आवश्यक जग्गा उपलब्ध गराइदिन यस महानगरपालिकालाई निवेदन गरेको हुँदा विराटनगर महानगरपालिका वडा नं.८ (साविक विराटनगर ६) स्थित कि.नं.३१६, क्षेत्रफल ०-११-०-० (बिघा) को ऐलानी जग्गामध्येबाट ०-३-०-० (बिघा) जग्गा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङलाई उपयोग गर्न स्वीकृति प्रदान गरिदिन सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अनुसूची-१

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/२५ को बैठक, बैठक संख्या १६)*

## विराटनगर महानगरपालिका

मोरङ, विराटनगर

### आ.व.२०८०/०८१ का लागि प्रस्तावित अनुमानित आय

| | |
|---|---|
| वित्तीय समानिकरण अनुदान | ३७२६८८००० |
| संघीय सरकार | ३४८६००००० |
| प्रदेश सरकार | २४०८८००० |
| बाँडफाँटबाट प्राप्त राजश्व | ७४८२५६००० |
| मु.अ कर र अन्तशुल्क | २०७४००००० |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५०००००००० |
| सवारी साधन कर | ४०८५६००० |
| आन्तरिक राजश्व | ९५००००००० |
| जम्मा | २०७०९४४००० |

अनुसूची-१

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/२५ को बैठक, बैठक संख्या १६)*

विराटनगर महानगरपालिका

मोरङ, विराटनगर

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

## आ.व.२०८०/८१ को खर्चका लागि बाँडफाँट गरिएको प्रस्तावित व्यय

| सि.नं. | व्यय शीर्षक | आ.व.२०७९/०८० को बाँडफाँट अनुमानित व्यय | आ.व.२०८०/८१ को बाँडफाँट अनुमानित व्यय |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५६९०५०००० | ५९००००००० |
| २ | ऋणको सावा व्याज | ५००००००० | ५००००००० |
| ३ | चालु आ.व.को दायित्व | ३००००००० | ४००००००० |
| | जम्मा | ६४९०५०००० | ६८००००००० |
| ४ | समपुरक कार्यक्रम | ४४२००००० | २००००००० |
| ५ | विषयगत शाखा महाशाखा सिलिङ | | |
| १. | आर्थिक विकास | १३८००००० | १००००००० |
| २. | सामाजिक विकास | १६१६००००० | १२३४४४००० |
| ३. | पुर्वाधार विकास कार्यक्रम | १८१९८१७००० | ११८१०००००० |
| | वहु वर्षिय ठेक्का तथा गौरवका आयोजना | ३५००००००० | ५५००००००० |
| | आ.व. ०७९/०८० का उ.स.बाट सञ्चालित दायित्व सारी ल्याएका तथा भुक्ता दिन बाँकी योजना | ४५००००००० | |
| | वडास्तरीय योजना सिलिङ | | |
| | क) न्यूनतम बजेट | ३८००००००० | २८५०००००० |
| | ख) सुत्रमा आधारित थप बजेट | ३६८१७००० | २८५००००० |
| | नगरस्तरीय योजना | ३००००००००० | २००००००००० |
| | मर्मत सम्भार | १००००००००० | ७५०००००० |
| | RUDP लगायतका पीच सडकहरुको मर्मत सम्भार | ४००००००० | |
| | विद्युत/सडक वत्ती | २७५००००० | १५०००००० |
| | फोहोरपानी प्रशोधन केन्द्र | २५०००००० | २००००००० |
| | भू-उपयोग, आवास तथा वस्ती विकास कार्यक्रम | १००००००० | ७५००००० |
| | House Number Plating and Road Signage | २५००००० | |
| | अन्य पुर्वाधार योजना (अधुरा योजना समेत) | ९८०००००० | |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ३५५००००० | २७०००००० |
| ५. | सुशासन तथा संस्थागत विकास | ४४१००००० | २९५००००० |
| | कुल जम्मा | २७६८०६७००० | २०७०९४४००० |